# टी.बी. बुलेटीन

नेपाल क्षयरोग निवारण संस्था

वर्ष १२ २०७४ अंक १

## १०औं महाधिवेशन तथा ३७औं केन्द्रीय सभाको अधिवेशनमा निर्वाचित अध्यक्ष लगायत पदाधिकारी तथा सदस्यहरुलाई

## हार्दिक बधाई तथा शुभकामना !




### १०औं महाधिवेशन तथा ३७औं केन्द्रीय सभाको अधिवेशन सम्पन्न

संस्थाको बिधान बमोजिम प्रत्येक ४ वर्षमा सम्पन्नगर्नुपर्ने केन्द्रीय महाअधिवेशन र प्रत्येक वर्ष गरिने केन्द्रीय अधिवेशन मोरङ्ग जिल्लामा सम्पन्न गरिएको छ । संस्थाको १० औं केन्द्रीय महाधिवेशन तथा ३७ औं केन्द्रीय सभाको अधिवेशन २०७३ साल चैत्र ४ र ५ गते नेपालको व्यापारिक केन्द्रको रुपमा रहेको मोरङ्ग नेपाल क्षयरोग निवारण संस्था मोरङ्ग जिल्ला शाखाको आतिथ्यमा विराटनगरमा सम्पन्न भयो । पन्चकन्याहरुद्वारा पानसमा दिप प्रज्वलित गरी उद्घाटन भएको सो समोरोहको अध्यक्षाता संस्थाका अध्यक्ष देवेन्द्रबहादुर प्रधानले गर्नु भएको थियो । स्वागत मन्तव्य उपाध्यक्ष ईन्द्रप्रसाद श्रेष्ठ तथा धन्यवादज्ञापन उपाध्यक्ष वेदप्रसाद कोजूले गर्नु भएको थियो । सो अवसरमा संस्थाको गतिविधि महासचिव मदनकाजी श्रेष्ठ र आतिथ्य शाखाको तर्फबाट मोरङ्ग शाखाका सभापति राजन श्रेष्ठले मन्तव्य तथा उपाध्यक्ष वेद प्रसाद कोजूले धन्यवाद्ज्ञापन गर्नु भएको थियो । साथै उद्घाटन समारोहमा सांसद पवन कुमार सारडा र प्रमुख जिल्ला अधिकारी युवराज कोईराला र जिल्ला जनस्वास्थ्य प्रमुख चन्द्र देव यादवबाट शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

सांसद पवन कुमार सारडा, प्रमुख जिल्ला अधिकारी युवराज कोईरालाबाट कमल राणा स्वयम्सेवी पुरस्कार संस्थाको विराटनगर शाखाका पूर्व सभापति तथा पूर्व केन्द्रीय सदस्य तोरन्द्रमान प्रधानलाई र स्व.डा.नारायण गोविन्द अमात्य स्मृति पुरस्कार मरणोपरान्त स्व. थीरमान शाक्यलाई प्रदान गरियो भने प्रत्येक वर्ष प्रदान गरिने ओत्सुका पुरस्कार सामाजिक कार्यकर्तातर्फ श्री ईन्द्र प्रसाद पाठक, सभापति, सर्लाही जिल्ला शाखा, स्टाफ तर्फ श्री शंकर महर्जन, एक्सरे सहायक, नेपाल क्षयरोग निवारण संस्था, केन्द्र, श्री घनश्याम कोइराला, कार्यक्रम संयोजक, मोरङ्ग जिल्ला शाखा त्यस्तै जिल्ला शाखा तर्फ नेपाल क्षयरोग निवारण संस्था,

# सम्पादकीय

## क्षयरोग विरूद्ध प्रभावकारी रणनैतिक योजना र कार्यान्वयन जरूरी

*क्षयरोग नेपालको मात्र नभई विश्वकै प्रमुख जनस्वास्थ्य समस्याको रूपमा रहेको छ । नेपालमा झण्डै आधा जनसंख्यामा क्षयरोगको संक्रमण रहेको नेपाल सरकारको "राष्ट्रिय क्षयरोग कार्यक्रम" ले अनुमान गरेको छ । प्राचिन कालदेखि हालसम्म पनि नेपाली समाजमा जरो गाडेर फैलिरहेको क्षयरोग नियन्त्रण र निर्मूल पार्नका लागि सरकारी र गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरु भइरहेका छन् । क्षयरोग नियन्त्रणका लागि विभिन्न प्रयासका बावजूद फैलिने क्रम अझै रोकिएको छैन । सामान्य क्षयरोग, औषधी प्रतिरोधी क्षयरोग (डी.आर.टी.वी.) र अझ धेरै कडाखालका औषधीहरु समेत पचाउन क्षमता भएको एक्स.डी.आर. ट्यूबरकुलोसिस जस्ता क्षयरोगहरु आज अस्तित्वमा रहेका छन् । यस्ता जीर्णखाले क्षयरोग विकराल रूपमा फैलिने अवस्था देखिएकाले यसको निदान, उपचार र नियन्त्रण ज्यादै चूनौतिपूर्ण रहेको छ ।*

*राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत सरकारी र गैरसरकारी विभिन्न स्वास्थ्य संस्थाहरूमा क्षयरोगका लक्षणसहित विरामीहरु उपचारमा आउने गरेका त छन् तर उपचार पूरा नहुँदै अर्थात् सेवन गर्नुपर्ने जति ओखती सेवन गरी नसकेकै अवस्थामा हराउने र उपचार बीचमै छाड्ने समस्या हालको डरलाग्दो समस्या हो । सेवन गर्नुपर्ने जति ओखतीको मात्रा सेवन नगर्दा कडाखालका क्षयरोगबाट आत्रमण गर्ने सम्भावना बढ्ने र अरूलाई रोग सार्दा समेत त्यस्तै सार्ने गरेको तथ्यतर्फ विशेषज्ञहरूले सचेत पार्दै आएका छन् । यस्तो विकराल समस्या समाधानका लागि केन्द्रीय स्तरबाट रणनिति, योजना र बजेटको व्यवस्थापन गरी स्थानिय स्तरबाट ती योजनाहरूको प्रभावकारी कार्यान्वयन हुन जरूरी छ । नेपाल सरकारको बजेटको स्वास्थ्यमा खर्चिने बजेटको एउटा महत्वपूर्ण हिस्सा क्षयरोग नियन्त्रणमा केन्द्रीत गर्नुपर्ने देखिन्छ । क्षयरोग नियन्त्रणका लागि सरकारी र गैरसरकारी निकायले प्राप्त बजेटलाई सहि योजना, व्यवहारिक कार्यक्रम र तिनको प्रभावकारी कार्यान्वयन गर्नु यो क्षेत्रको अपरिहार्य आवश्यकता हो ।*

*नेपालको संविधान २०७२ बाट देश शासकिय नयाँ संरचनामा गर्दै गर्दा क्षयरोग नियन्त्रण कार्यक्रम पनि नयाँ रणनिति बनाएर अगाडि बढ्नु पर्ने देखिन्छ । नेपाल क्षयरोग निवारण संस्था क्षयरोग नियन्त्रणको क्षेत्रमा विभिन्न जिल्लामा आफ्नो शाखाहरूको संजाल बनाएर काम गरिरहेको संस्था हो । यस संस्थाले पनि देशको राज्यको नयाँ संरचना अनुसार जिल्ला र केन्द्रको समन्वय शैली र कार्यक्रमको ढाँचा, सांगठनिक स्वरूपमा आवश्यक परिवर्तन गरेर नयाँ प्रभावकारी रणनैनिक योजना र तिनको कार्यान्वयनको खाकासहित अगाडि बढ्नु समयको आवश्यकता हो । नेपाल क्षयरोग निवारण संस्था क्षयरोग नियन्त्रणका लागि हिजो पनि आफूलाई समयानुकूल परिमार्जन गर्दै अघि बढेको थियो, आज बढ्ने प्रयासमा छ र भोलि पनि अघि बढिरहने छ ।*

दाङ्ग जिल्ला शाखा र संस्थातर्फ पाटन जे.सी.आईलाई प्रदान गरियो । संस्थामा निरन्तर २० वर्ष भन्दा बढी सेवा गरेवापत संस्थाका चालक बुद्ध महर्जनलाई दीर्घ सेवा पदक प्रदान गरियो ।

अध्यक्षज्यूबाट अधिवेशनमा आएको प्रस्ताव छानविन गरी प्रस्ताव प्रस्तुत गर्न गठित सभासद गोपालबहादुर सिंहको संयोजकत्वमा श्री विजयानन्द झा, हिरादेवी शर्मा, सुरेश मोदकको प्रस्ताव छानविन समितिले ८ बुंदे प्रस्ताव राख्नु भयो र सभाले उक्त प्रस्ताव पारित गर्‍यो ।

संस्थाको २०७२।७३ को प्रगति प्रतिवेदन र २०७४।७५ को आगामी कार्यक्रम महासचिव मदनकाजी श्रेष्ठले र संस्थाको २०७२।७३ को लेखा परिक्षणको प्रतिवेदन र आयव्यय विवरण साथै २०७४।७५ को अनुमानित बजेट कोषाध्यक्ष सुदर्शनबहादुर शाक्यले केन्द्रीय सभाको अधिवेशनमा प्रस्तुत गर्नुभयो र सो प्रतिवेदनहरु माथि छलफल गरी वैठकबाट सर्वसंमतिबाट पारित गरियो । उक्त सभाबाट आ.व. २०७३।७४ को वार्षिक लेखा परिक्षण गर्न लेखा परिक्षाक सुदिप दाहाल यस दाहाल एण्ड एसोसियटसलाई नियूक्त गरेको थियो ।

उक्त अधिवेशनमा संस्थाको नयाँ कार्य समिति गठन गर्न निर्वाचनको लागि श्री पुनमकुमार गुप्तालाई निर्वाचन अधिकृत नियुक्त गरिएको थियो । अधिवेशनमा सम्पन्न निर्वाचनमा अध्यक्षमा निर्विरोध र १६ केन्द्रीय सदस्यहरु चयन भएका छन् । अध्यक्ष देवेन्द्रबहादुर प्रधान निर्विरोध साथै सदस्यमा हिरादेवी शर्मा, किरणमान प्रधान, बिजयानन्द झा, बेदप्रसाद कोजू, बसन्तकुमार नेपाल, सुदर्शनबहादुर शाक्य, राधादेवी मास्के, अम्बिकाप्रसाद उपाध्याय ,राजकिशोर प्रसाद यादव, नारायण प्रसाद श्रेष्ठ, सेमराज शाक्य, मदनकाजी श्रेष्ठ, अरुण प्रताप राणा, ईन्द्र प्रसाद श्रेष्ठ, गोपाल श्रेष्ठ ,मदनगोपाल मैनाली निर्वाचित हुनु भएको थियो । निर्वाचनमा कुल ११३ मत खसेकोमा १०४ सदर मत र ९ वटा बदर मत भएको थियो ।

उक्त सभाको समापन कार्यक्रममा सभासदहरुको तर्फबाट ईन्द्र पाठक र सिता दाहाल तथा आतिथ्य मोरङ्ग शाखाका सभापति राजन श्रेष्ठले मन्तव्य व्यक्त गर्नुभयो । उहाँले सबै शाखाहरुलाई


**प्रधानसम्पादक**

**श्री वेद प्रसाद कोजू,**

**केन्द्रीय उपाध्यक्ष**

**सम्पादक मण्डल**

**श्री किरणमान प्रधान,** *केन्द्रीय उपमहासचिव*

**श्री राधा देवी मास्के,** *केन्द्रीय उपकोषाध्यक्ष*

**श्री सीता पाण्डे,** *कार्यकारी अधिकृत*

**सहयोगी**

**श्री अनु थापा**

**श्री प्रतिक्षा नेपाल**

**प्रकाशक**

**नेपाल क्षयरोग निवारण संस्था**

कालिमाटी, पो.ब.नं. १४९४, काठमाडौं

फोन नं: ४२७५३९५, ४२७६४५१, फ्याक्स: ४२७००१९

ईमेल : nata@antitb.wlink.com.np

मायाको चिनो प्रदान गर्नुभयो । संस्थाका केन्द्रीय अध्यक्ष देवेन्द्रबहादुर प्रधानबाट मोरङ्ग शाखालाई अधिवेशन सफलता साथ सम्पन्न गर्नु भएकोमा प्रंशसा पत्र प्रदान गर्नुभएको थियो ।

संस्थाको नयाँ कार्य समितिको चयन पश्चात सो समितिको पहिलो वैठकले निम्नानुसार कार्य विभाजन गरेको छ । जसमा :-

| | | |
|---|---|---|
| १) | श्री देवेन्द्र बहादुर प्रधान | अध्यक्ष |
| २) | श्रीमती कमल राणा | नि.वर्तमान अध्यक्ष |
| ३) | श्री वेद प्रसाद कोजू | उपाध्यक्ष |
| ४) | श्री मदन गोपाल मैनाली | उपाध्यक्ष |
| ५) | श्री मदन काजी श्रेष्ठ | महासचिव |
| ६) | श्री सुदर्शन बहादुर शाक्य | महासचिव |
| ७) | श्री किरणमान प्रधान | उपमहासचिव |
| ८) | श्री राधादेवी मास्के | उपकोषाध्यक्ष |
| ९) | श्री ईन्द्र प्रसाद श्रेष्ठ | सदस्य |
| १०) | श्री अरुण प्रताप राणा | सदस्य |
| ११) | श्री राजकिशोर प्रसाद यादव | सदस्य |
| १२) | श्री बसन्त कुमार नेपाल | सदस्य |
| १३) | श्री गोपाल श्रेष्ठ | सदस्य |
| १४) | श्री विजयानन्द झा | सदस्य |
| १५) | श्री नारायण प्रसाद श्रेष्ठ | सदस्य |
| १६) | श्री अम्बिका प्रसाद उपाध्याय | सदस्य |
| १७) | श्री हिरा देवी शर्मा | सदस्य |
| १८) | श्री सेम राज शाक्य | सदस्य |

# विश्वक्षयरोग दिवस

डा. रोवर्ट कक्ले टी.वीको किटाणु पत्तालगाई घोषणा भएको दिनको सम्झनामा हरेक वर्ष मार्च २४ का दिन विश्वक्षायरोग दिवस मनाइन्छ । क्षयरोगनिको हुने रोग भएता पनि विश्वको धेरै देशमा यो विनाशकारी महामारीको रुपमा लिने गरेको पाइन्छ । विश्वक्षायरोग दिवसलाई अवसरका रुपमालिई आफ्नो पक्षबाट क्षयरोग विरुद्धको लडाईमा सहयोग पुऱ्याउने दिनपनिहो भन्न सकिन्छ । अहिले पनिक्षयरोग नेपालको एक प्रमुख स्वास्थ्य चुनौतीको रुपमा रहेको पाइन्छ ।

क्षयरोग अन्त्यकालागि सबै संगठित होऔं: सबैलाई सँगसँगै लैजाऔं भन्ने यस वर्षको नारालाई मननगर्दै हाम्रो यस नेपाल क्षयरोग निवारण संस्था केन्द्र तथा जिल्ला शाखाहरूले विभिन्न केन्द्रीय तथा जिल्लास्तरीय कार्यक्रमहरू सम्पन्न गरी मनाएको छ। केन्द्रद्वारा सम्पन्न गरेको कार्यक्रमहरू निम्नानुसार रहेको छ ।

### १. क्षयरोगका विरामीहरूलाई पोषण तथा फलफुल वितरण:



IOM को सहयोगमा संस्थाको केन्द्र अन्तर्गतको अस्पताल, ओ.पी.डी र डी.आर. होस्टेलमा सेवारत विरामीहरूलाई फलफुल तथा पोषण वितरण



गरिएको छ । उक्त कार्यक्रममा IOMका केही प्रतिनिधि, जेनेटप प्रमुख डा. भावना श्रेष्ठ र संस्थाका अन्य कर्मचारीहरूको पनि उपस्थिति थियो ।

### २. नि:शुल्क एक्सरे

विश्वक्षयरोग दिवसको अवसरमा संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको नि:शुल्क एक्सरे गरिएको थियो ।

### ३. स्वयंसेविकाहरूको वैठक तथा अभिमुखिकरण कार्यक्रम:

संस्थाले विश्व क्षयरोग दिवसको अवसर पारेर एक दिवसिय स्वयंसेविकाहरूको बैठक तथा अभिमुखिकरण कार्यक्रमको आयोजना गरको थियो । उक्त कार्यक्रममा उपस्थित ४० जना स्वयंसेविकाहरूलाई घरदैलो कार्यक्रमबारे जानकारी गराउनु भयो । उक्त घरदैलो कार्यक्रमको लागि क्षयरोग सम्बन्धी जानकारी भएको पर्चा छपाई घरघरमा पुऱ्याउनमा स्वयंसेविकाहरूको महत्वपूर्ण भूमिका हुने जानकारी जेनेटप प्रमुख डा. भावना श्रेष्ठले गराउनु भयो ।

### ४. राष्ट्रिय क्षयरोग केन्द्रको कार्यक्रममा सहभागिता

हरेकवर्ष झै यस वर्ष पनि संस्थाले राष्ट्रिय क्षयरोग केन्द्रद्धारा आयोजित कार्यक्रममा सहभागीता जनाएको थियो भने




सोहीकार्य क्रममा संस्थाका केन्द्रीय अध्यक्ष देवेन्द्र बहादुर प्रधानले संस्थाले झेलिरहेको बाधाहरूको बारेमा प्रस्तुत गर्नुभयो । प्रस्तुतिकै क्रममा अध्यक्षज्यूले संस्थाका शाखाले गर्दै आइरहेका ACSM कार्यक्रमहरू बजेटको कमीले धेरै स्थानमा गर्न नसकिरहेको कुरा प्रष्ट्याउनु भएको थियो ।

## ५. प्रदर्शनी

विश्वक्षयरोग दिवसको उपलक्ष्यमा राष्ट्रिय क्षयरोग केन्द्रद्धारा आयोजना गरिएको समारोहमा संस्थाले सहभागिता जनाउनुका साथै संस्थाद्वारा प्रकाशित गरिएको वार्षिक क्यालेण्डर,




ब्रोसर, प्याम्फप्लेट, ब्याच, स्टीकर आदि प्रदर्शनीमा राखिएको थियो । उक्त प्रदर्शनीमा कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि तथा अन्य संघ-संस्थाका प्रतिनिधिहरूबाट अवलोकन गर्नु भएको थियो ।

## ६. संचार माध्यममा अन्तवार्ता

क्षयरोग अन्त्यकालागि सबै संगठित होऔं: सबैलाई सँगसँगै लैजाऔं भन्ने नारालाई समाजमाभ पुर्‍याई क्षयरोग उन्मुलनमा सबैको सहयोगको लागि अनुरोध गर्नु हामी सबैको कर्तव्य हो । अहिलेको संचार युगमा समाज माफ पुग्नको लागि संचार माध्यम सबै भन्दा द्रुत माध्यम हो । विश्व क्षयरोग दिवसको उपलक्ष्यमा संस्थाका विभिन्न जिल्ला शाखाले क्षयरोगको जानकारी स्थानीय संचार माध्यममा प्रेसित गराउनुका साथै प्रशारण गरेका छन् । त्यसैगरी संस्थाका केन्द्रीय अध्यक्ष देवेन्द्र बहादुर प्रधानले देशको एक चर्चित संचार माध्यम कान्तिपुर टेलिभिजनमा आफ्नो अन्तवार्तामा नेपालमा क्षयरोगको अवस्थातथा नेपाल सरकारको क्षयरोग कार्यक्रममा संस्थाले गर्दै आएकोबारे जानकारी गराउनु भएको थियो । यसका साथै कालिमाटी चेष्ट अस्पतालमा कार्यरत मेडिकल अफिसरहरूले पनि विभिन्न एम.एम तथा संचार माध्यममा क्षयरोगको बारेमा जानकारी गराउनु भएको थियो ।



# नेपालमा क्षयरोगको हालको अवस्था:

विश्वमा हाल क्षयरोग एक प्रमुख जनस्वास्थ्य चुनौतिको रुपमा रहेको छ । नेपालको सन्दर्भमा क्षयरोग निकै वर्ष अगाडि देखिनै विकराल स्वास्थ्य समस्याको रुपमा रहेको पाईन्छ । वि.स. १९९१ (सन् १९३४) मा स्थापना भएको टोखा स्यानिटोरियम र वि.सं २०१० (सन् १९५४) मा नेपाल क्षयरोग निवारण संस्थाको स्थापनाले पनि त्यस बेला देखिनै यो रोगको समस्या नेपालमा व्याप्त रहेको अनुमान गर्न सकिन्छ । राष्ट्रको कुल जनसंख्याको लगभग आधा जनसंख्या क्षयरोगबाट संक्रमित पाईएको छ । प्रत्येक वर्ष तथ्यांकको आधारमा क्षयरोगका ४४,००० नयाँ विरामी तथा ५ देखि ७,००० सम्म क्षयरोगबाट मृत्यू हुने देखिएको छ । जसमा ५४% पुरुष तथा ३६% महिला हुने गरेका छन् भने हरेक दिन १२० जना क्षयरोगका नयाँ विरामी संक्रमित हुने जसमध्ये २० जनाको मृत्यू हुने गरेको छ ।

राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत सरकारी र गैह्र सरकारी विभिन्न स्वास्थ्य संस्थाहरूमा क्षयरोगका लक्षणहरू सहित उपचारमा आउने विरामीहरू उपचारकै क्रममा हराउने र उपचार विचमै छोडी जाने समस्या हालको डरलाग्दो समस्या हो। नेपालमा लगभग दैनिक २५ जना विरामीले उपचार विचमै छोड्ने गरेको आकडा छ । यसरी लक्षणहरूमात्र अलिकम भएपछि उपचार विचमै छोडी हराउने विरामीले डी.आर. समस्या निम्त्याउने गर्दछन् ।

क्षयरोग निर्मूल गर्नु, क्षयरोगमा लागेका विभिन्न संघसंस्थाहरूको निर्विकल्प उद्देश्य हो । नेपालको राष्ट्रिय क्षयरोग कार्यक्रमले विश्व स्वास्थ्य संगठनले जस्तै सन् २०५० सम्ममा क्षयरोगलाई नियन्त्रण गरी जनस्वास्थ्य चूनौतीको रुपबाट हटाउन उद्देश्य राखेर विभिन्न कार्यक्रमहरू गरिरहेका छन् ।

हाल नेपालमा निम्नानुसार क्षयरोगका उपचार केन्दहरू संचालित छन् ।

| | |
|---|---|
| डट्स केन्द्र | ४,३२१ |
| शहरी डट्स केन्द्र | ९६ |
| एम.डी.आर उपचार केन्द्र | १४ |
| एम.डी.आर उपचार उपकेन्द्र | ८१ |
| डी.आर.होस्टेल | ६ |
| डी.आर गृह | १ |

नेपालमा संचालित क्षयरोग निदान केन्द्रहरू :

| | |
|---|---|
| माईक्रोस्कोपी केन्द्र | ५८१ |
| जीन एक्सपोर्ट सुविधा | २७ |
| Culture DST | २ |
| Line Prob Assay | २ |

# Meeting with SAARC Tuberculosis

A coordination meeting was held between the Executive Board members and the Department heads of Nepal Anti TB Association (NATA) and the Director and the officials of SAARC Tuberculosis on April 21, 2017 at SAARC TB and HIV/AIDS Centre, Thimi with a view to strengthening and exploring the areas of collaboration between STAC and NATA on different areas such as carrying out researches, tuberculosis/human resource development/ sharing of technical experts in Culture and DST, Laboratory/advocacy and awareness campaign/ migratory issues etc.




Dr. R. P. Bichha, Director, STAC extended his warm welcome to all the participants. He presented vision and mission, objectives and functions of STAC and highlighted activities and planned programmes of STAC. He also expressed his views on the possible areas for collaboration between STAC and NATA.

Ms. Sita Pandey, Programme Officer, NATA presented the activities and success stories of NATA. She also highlighted the challenges being faced by NATA to run the Kalimati Hospital and other activities. Dr. Bhawana, Chief of German Nepal Tuberculosis Project, NATA presented the quality services being provided and studies carried out by the project.



Discussions on migration and its impact on TB Control,

enhancing ACSM programme on tuberculosis, and priorities areas for Research on TB and diabetics mellitus, impact of Migration on TB, and Contact cases of Pediatric TB took place during the meeting.

Dr. Ajith Weerakoon, Epidemiologist, STAC expressed his view on the various possible collaborative programmes.

Acting President Mr. Bed Prasad Koju and the Executive Board members thanked the Director and the STAC team for arranging such a fruitful meeting and expressed their hope to work together with STAC for the control and prevention of tuberculosis in Nepal.

Finally, the meeting decided to form a committee with the mandate to develop the suitable mechanism and to identify the possible areas of collaboration to run the programmes;

**From STAC**

1) Dr. Ajith Weerakoon, Epidemiologist,
2) Mr. Kailash Bdr. Karki, Training Officer

**From NATA**

1. Dr. Bhawana Shrestha, Director, GENETUP
2. Ms. Sita Pandey, Programme Officer, NATA



The committee is directed by the meeting to address the mandates and make that happen in order to achieve the national goal to make TB Free Nation.

**Sita Pandey**

*Executive Officer*
Nepal Anti Tuberculosis Association (NATA)

## नेपाल क्षयरोग निवारण संस्थाको अधिवेशन तथा महाअधिवेशन भएको मिति र स्थानको विवरणः

| मिति | पटक | निर्वाचित अध्यक्ष | स्थान | निर्वाचित महासचिव |
|---|---|---|---|---|
| २०३६।११।२७ र २८ | प्रथम महाधिवेशन | | भूतपूर्व सैनिक संगठन, पुल्चोक | |
| २०३७।०८।१० | द्वितिय | श्रीमती कमल राणा | विराटनगर अतिथि सदन | श्री देवेन्द्र बहादुर प्रधान |
| २०३८।०४।२६ र २७ | तृतीय | | केन्द्रीय कार्यालय, काठमाडौं | |
| २०३९।०४।२५ र २६ | चौथों | | पंचायत प्रशिक्षण केन्द्र, पोखरा | |
| २०४०।०७।०९ र १० | पाचौं | | चिकित्साशास्त्र अ.सं, विरगंज | |
| २०४०।१२।२९ र ३० | छैठौं (दोस्रो महाधिवेशन) | | पं.वि.प्र.के.जनकपुर | |
| २०४२।०१।२७ र २८ | सातौं | श्रीमती कमल राणा | महिला प्रशिक्षण केन्द्र, जावलाखेल | श्री देवेन्द्र बहादुर प्रधान |
| २०४३।०४।१६ र १७ | आठौं | | अरनिको सभागृह,भक्तपुर | |
| २०४४।०७।२७ र २८ | नवौं | | हात्तिसार क्याम्पस, धरान | |
| २०४५।०२।१२ र १३ | दशौं (तेस्रो महधिवेशन) | | नारायणघाट, चितवन | |
| २०४६।१२।२४ र २५ | एघारौं | श्रीमती कमल राणा | पं.वि.प्र. केन्द्र, महेन्द्रनगर, नेपाल | |
| २०४७।१२।१८ र १९ | बाह्रौं | | उद्योग वाणिज्य संघ, पोखरा | |
| २०४९।०५।०५,६ र ७ | तेह्रौं (चौथौं महधिवेशन) | | धुलिखेल, काभ्रे | |
| २०५०।०८।०७ र ०८ | चैाधौं | श्री देवेन्द्र बहादुर प्रधान | विराटनगर, मोरङ्ग | श्री मदन काजी श्रेष्ठ |
| २०५१।०८।१३ र १४ | पन्ध्रौं | | स्टाफ कलेज, जावलाखेल, ल.पु | |
| २०५२।०७।२० र २१ | सोर्‍हौं | | बैकंर्स क्लब, थापाथली, काठमाडौं | |
| २०५३।०९।२६ र २७ | सत्रौं(पाँचौं महधिवेशन) | | विरगंज, पर्सा | |
| २०५४।१२।२८ र २९ | अठारौं | श्री देवेन्द्र बहादुर प्रधान | तानसेन, पाल्पा | श्री मदन काजी श्रेष्ठ |
| २०५६।०५।०५ र ०६ | उन्नाईसौं | | बैकंर्स क्लब, थापाथली, काठमाडौं | |
| २०५६।११।२७ र २८ | बिसौं | | राजविराज, सप्तरी | |
| २०५७।११।०३ र ०४ | एक्काईसौं | श्री देवेन्द्र बहादुर प्रधान | पोखरा, कास्की | श्री मदन काजी श्रेष्ठ |
| २०५९।०३।०७ र ०८ | बाईसौं | | ईलाम | |
| २०६०।०३।२५ र २६ | तेइसौं | | धुलिखेल,काभ्रे | |
| २०६१।०३।१९ र २० | चैबिसौं | | सौराहा, चितवन | |
| २०६२।०२।२२ र २३ | पच्चिसौं (सातौं महाधिवेशन) | | स्टाफ कलेज, जावलाखेल, ल.पु | |
| २०६३।०३।०५ | छबिसौं | श्री देवेन्द्र बहादुर प्रधान | धुलिखेल,काभ्रे | श्री मदन काजी श्रेष्ठ |
| २०६४।०३।०३ | सत्ताईसौं | | पोखरा, कास्की | |
| २०६५।०३।२७ | अट्ठाइसौं | | केन्द्रीय कार्यालय, काठमाडौं | |
| २०६६।०२।१५ र १६ | २९ औं अधिवेसन तथा<br>८औं महाधिवेशन | | भक्तपुर | |
| २०६७।०२।०५ | ३०औं अधिवेशन | श्री देवेन्द्र बहादुर प्रधान | काभ्रे | श्री मदन काजी श्रेष्ठ |
| २०६७।१२।१८।१९ | ३१ औं अधिवेशन | | झापा | |
| २०६८ ।०९।२३ गते | ३२ औं अधिवेशन | | धादिङ्ग | |
| २०६९।१२।२८।२९ | ३३ औ अधिवेशन तथा<br>९ औं महाधिवेशन | श्री देवेन्द्र बहादुर प्रधान | दोलखा | श्री मदन काजी श्रेष्ठ |
| २०७१।०२।१० | ३४ औं अधिवेशन | | ईलाम | |
| २०७१।१२।२१ | ३५ औं अधिवेशन | | कलैया, बारा | |
| २०७३।०१।१८ | ३६ औं अधिवेशन | | बनेपा, काभ्रे | |
| २०७३।१२।०४ र ०५ | ३७ औ अधिवेशन तथा<br>१० औं महाधिवेशन | श्री देवेन्द्र बहादुर प्रधान | मोरंग | श्री मदन काजी श्रेष्ठ |

# १० औं महाधिवेशन तथा ३७ औं केन्द्रीय सभा




































# जिल्ला शाखाहरूमा विश्व क्षयरोग दिवसः

























